# भाग ४

## श्री ५ को सरकार
## जलस्रोत मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५५।७।११ को निर्णयानुसार सिंचाइ विभाग अन्तर्गत नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, इरिगेशन उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणीमा कार्यरत देहायका इन्जिनियरहरूलाई मिति २०५५।५।१ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा, समूह र उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा गरी सिंचाइ विभाग वा अन्तर्गत पदस्थापन गरेको छ।

१. श्री राकेशकुमार झा

२. श्री महाजन यादव

३. श्री तर्कबहादुर बुढाथोकी ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५५।७।११ को निर्णयानुसार खानी तथा भूगर्भ विभागका रा. प. अनं. प्रथम श्रेणीका असिस्टेन्ट जियोलोजिष्ट श्री जमुना बाना (श्रेष्ठ) लाई नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रोजियोलोजी उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको हाइड्रोजियोलोजिष्ट पदमा बढुवा गरी सिंचाइ विभागमा पदस्थापन गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०५५।७।१६ को निर्णयानुसार सिंचाइ विभाग अन्तर्गत नेपाल इन्जिनियरिङ्ग सेवा, एग्री इरिगेशन इन्जिनिरिङ्ग समूह, राजपत्राङ्कित तृतीय श्रेणीमा कार्यरत देहायका इन्जिनियरहरूलाई मिति २०५५।६।३१ देखि नै ज्येष्ठता कायम हुने गरी सोही सेवा, समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरेको छ।

| क्र.सं | नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री रामानन्दप्रसाद यादव | कार्यालय प्रमुख, जिल्ला सिंचाइ कार्यालय, कपिलवस्तु । |
| २. | श्री महेन्द्रनारायण यादव | कार्यालय प्रमुख, जिल्ला सिंचाइ कार्यालय, रुकुम । |

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

250

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।